# नेपाल स्टक एक्सचेन्ज लिमिटेड

(नेपाल सरकारको स्वामित्व भएको)

# Nepal Stock Exchange Limited

(An Undertaking of Government of Nepal)

पत्र संख्या : ०८१/८२
चलानी नं. : ७०८

मिति : २०८१/०९/०८

श्री आत्मनिर्भर लघुवित्त वित्तीय संस्था लिमिटेड (ANLB)
कटहरी, मोरङ्ग ।

**विषय : सूचीकरण स्थगन गरी स्पष्टिकरण पेश गर्ने बारे ।**

उपरोक्त सम्बन्धमा त्यस कम्पनीको मिति २०८१/०९/०७ गते साँझ ५:३० बजे सञ्चालक समितिको बैठक बसी आ.व. २०८०/८१ को लाभांश घोषणा सम्बन्धी निर्णय गरेको तर सोको जानकारी नेप्सेमा अर्को दिन अर्थात मिति २०८१/०९/०८, १२:१३ बजे कारोबार समयमा NOTS मार्फत प्राप्त भयो । धितोपत्र सूचीकरण विनियमावली, २०७५ को विनियम २२(१) मा भएको व्यवस्था बमोजिम धितोपत्र मूल्यमा प्रभाव पार्ने सूचना, जानकारी तथा निर्णय सिर्जना भएमा सोही दिन वा भोलिपल्ट कारोबार खुल्नु अघि सम्बन्धित सूचीकृत संगठित संस्थाले नेप्सेमा पेश गर्नुपर्ने छ भन्ने व्यवस्था रहेकोले उक्त विनियममा भएको व्यवस्था पालना नगरेकोले उक्त विनियमावलीको विनियम १६(१)(ख) मा भएको व्यवस्था अनुरुप मिति २०८१/०९/०८ को निर्णयानुसार त्यस कम्पनीको धितोपत्रको कारोबार स्थगन गरिएको साथै यो पत्र प्राप्त भएको मितिले ३ (तीन) कार्यदिन भित्र के कति कारणबाट समयमानै जानकारी दिन नसकेको हो? सो सम्बन्धमा स्पष्टिकरण पेश गर्न निर्देशानुसार अनुरोध छ ।

**बोधार्थ :**

श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।

श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग, बालुवाटार, काठमाडौं ।

श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलीसडक, काठमाडौं ।

श्रीमान् प्रमुख कार्यकारी अधिकृतज्यूको सचिवालय, नेप्से ।

सुरेश जोशी
सहायक प्रवन्धक
सूचीकरण शाखा